# चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७५/०२/१४

## भाग–१

## चुमनुव्री गाउँपालिकाको आर्थिक ऐन, २०७५

**चुमनुव्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

**गण्डकी प्रदेश**

# चुमनुव्री गाउँपालिकाको आर्थिक ऐन २०७५

चुमनुव्री गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** चुमनुव्री गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७/०५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा द्दडड को उपधारा (२) बमोजिम चुमनुव्री गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(१) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि चुमनुव्री गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर**ः गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)**ः गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर**ः गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर**ः गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (ड) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०.बहाल बिटौरी शुल्कः** गाउँपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४.पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची २
### दफा ३ सँग सम्बन्धित
### मालपोत / भुमि कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | **मालपोत/ भूमि कर** | प्रति रोपनी | १०।०० |

## अनुसूची ३
### दफा ४ सँग सम्बन्धित

### घर बहाल कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत |

## अनुसूची ४
### दफा ५ सँग सम्बन्धित

### व्यवसाय कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| 1 | मदिरा पसल | वितरक | ३०००।०० |
| | | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| 2 | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० |
| | | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| 3 | हल्का पेय पदार्थ | वितरक | १५००।०० |
| | | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| 4 | सुनचाँदी पसल | थोक | १५००।०० |
| | | खुद्रा पसल र मर्मत | १०००।०० |
| 5 | औषधी पसल | थोक | ३०००।०० |
| | | खुद्रा डाक्टर भएको | २०००।०० |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० |
| 6 | माछामासु बिक्री पसल | | २०००।०० |
| 7 | आयुर्वेदिक औधी पसल | | ५००।०० |
| 8 | एग्रोभेट पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| 9 | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |

| | | | |
|---|---|---|---|
| 10 | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० |
| | | साधारण प्रेस | १०००।०० |
| 11 | कस्मेटिक पसल | | १५००।०० |
| 12 | मोटर पार्ट्स | थोक | २०००।०० |
| | | खुद्रा | १५००।०० |
| 13 | प्लाइ तथा ग्लास | थोक | २५००।०० |
| | | खुद्रा | १५००।०० |
| 14 | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| 15 | धागो टाक पसल | थोक | १५००।०० |
| | | खुद्रा | ७००।०० |
| 16 | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० |
| | | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| 17 | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५०००।०० |
| | | खुद्रा | ३०००।०० |
| 18 | पेट्रोलियम पदार्थ | ग्यास सिलिन्डर सब डिलर | १०००।०० |
| | | मट्टितेल बिक्री | १०००।०० |
| 19 | स्टिल आलमुनियम पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| 20 | फर्निचर | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| 21 | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००।०० |
| 22 | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।०० |
| | | हाते मेसिन | २००।०० |
| 23 | स्नुकर तथा पुल हाउस | | २०००।०० |
| 24 | क्यारेम बोर्ड | | १०००।०० |
| 25 | पशु आहार बिक्री केन्द्र | | १०००।०० |
| 26 | किराना पसल | थोक | १५००।०० |
| | | खुद्रा | ५००।०० |
| 27 | फलफूल/तरकारी पसल | थोक | ८००।०० |
| | | खुद्रा | ४००।०० |
| 28 | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| 29 | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००।०० |
| | | खुद्रा | १०००।०० |
| 30 | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० |
| 31 | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | २०००।०० |
| | | कानुन व्यावसायी ल फर्म | २०००।०० |
| | | लेखापरीक्षण व्यावसायी | २०००।०० |
| | | दन्तचिकित्सक | २०००।०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० |

| | | | |
|---|---|---|---|
| | | पशु चिकित्सक डाक्टर | २०००।०० |
| | | रोजगार सेवा | ३०००।०० |
| 32 | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० |
| 33 | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००।०० |
| 34 | खोटो व्यवसायी | | १०००।०० |
| 35 | जग्गा व्यवसायी | | २०००।०० |
| 36 | निर्माण व्यवसायी | | ५०००।०० |
| 37 | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०।०० |
| **उत्पादनमूलक उद्योग** | | | |
| 38 | ग्रील उद्योग | | ३०००।०० |
| 39 | जुत्ता उद्योग | | १५००।०० |
| 40 | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १०००।०० |
| 41 | कपडा तथा गार्मेन्ट उद्यँोग | | ५०००।०० |
| 42 | सिरक डसना उद्योग पसल | | १५००।०० |
| 43 | कुटानी पेलानी/ मिल | | ५००।०० |
| 44 | मसला मिल | | ५००।०० |
| | नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | |
| 45 | डेरी उद्योग/ व्यवसाय | | ५००।०० |
| 46 | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० |
| | | पापड चिप्स फिगर | १५००।०० |
| 47 | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५०००।०० |
| | | काठ बिक्री डिपो | २०००।०० |
| 48 | क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ५०००।०० |
| 49 | ढाकाटोपी पस्मिना उद्योग | | ५००।०० |
| 50 | सुर्तिजन्य उद्योग | | ५०००।०० |
| 51 | होटल लज रेष्टुरेन्ट | होटल र लज प्रति कोठा | ५००।०० |
| | | भोजनालय | २०००।०० |
| | | मिठाई पसल | १०००।०० |
| | | पार्टी प्यालेस | २५००।०० |
| | | रेष्टुरेन्ट-बार | ३०००।०० |
| | | चिया र खाजा पसल | १५००।०० |
| | | शिर्षक नखुलेका अन्य | १०००।०० |
| 52 | टेन्ट हाउस | | २०००।०० |
| **सेवा उद्योग** | | | |
| 53 | सञ्चार | एफ.एम. प्रसारण | २०००।०० |
| | | केवुल च्यानल प्रसारण | २०००।०० |

| | | | |
|---|---|---|---|
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १०००।०० |
| | | कुरियर सेवा | १०००।०० |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १०००।०० |
| 54 | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।०० |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ३०००।०० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २०००।०० |
| | | वित्तीय/ ऋण सहकारी संस्था | २०००।०० |
| | | मनी ट्रान्सफर | १५००।०० |
| | | विमा कम्पनी | २०००।०० |
| | | लघु वित्त | २०००।०० |
| 55 | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००।०० |
| | | क्लिनिक तथा ल्याब | १५००।०० |
| | | चस्मा पसल | १५००।०० |
| 56 | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० |
| | | मावि/ उच्चमावि | १५००।०० |
| | | मावि | १०००।०० |
| | | आधारभूत | १०००।०० |
| | | प्राथिमिक | १०००।०० |
| | | छात्रावास | १०००।०० |
| | | मन्टेश्वरी | १०००।०० |
| | | पूर्व प्राथमिक | ८००।०० |
| | | ट्युशन सेन्टर | १५००।०० |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १०००।०० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० |
| 57 | मर्मत | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० |
| | | अन्य विविध मर्मत | १०००।०० |
| 58 | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००।०० |
| 59 | फूल विरुवा पसल | | ५००।०० |
| 60 | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० |
| | | अन्तराष्ट्रिय | ५०००।०० |
| 61 | घोडा / खच्चड | प्रति खच्चड | ५०।०० |
| | | प्रति घोडा | १००।०० |
| 61 | श्रोत परिचालन | हलभाडा प्रति दिन | 1000 |

## अनुसूची ५
### दफा ६ सँग सम्बन्धित

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | **जडीबुटी जिवजन्तुकर** | छलफलबाट पछि निर्णय गरिने । | |
| २ | सुकेको दाउरा | प्रति घर | ५० |
| | | भूकम्प पिडीत प्रति घर | ५०० |
| | | RCC भूइ तला प्रति घर | १००० |
| | | RCC एक तला प्रति घर | १५०० |
| ३ | बालुवा | RCC त्यो भन्दा माथी प्रति घर | २००० |

## अनुसूची ६
### दफा ७ सँग सम्बन्धित

## सवारी साधन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | **सवारी साधन कर** | **पछि निर्धारण हुने ।** | |

## अनुसूची ७
### दफा ८ सँग सम्बन्धित

## विज्ञापन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | **विज्ञापन कर** | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | ५००।०० |

**अनुसूची ८**
**दफा ९ सँग सम्बन्धित**

# मनोरन्जन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.००% |
| | | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० |

**अनुसूची ९**
**दफा १० सँग सम्बन्धित**

**बहाल बिटौरी शुल्क**

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५००।०० |
| | | घुम्ती मासिक | १००।०० |
| | | ठेला मासिक | ५०।०० |

**अनुसूची १०**
**दफा ११ सँग सम्बन्धित**

**पार्किङ शुल्क**

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीत दर |
|---|---|---|---|
| १ | पार्किङ शुल्क | पछि लगाइने | |

**अनुसूची ११**
**दफा १२ सँग सम्बन्धित**
**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्जिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क | पछि लगाइने | |

# अनुसूची १२
## दफा १३ सँग सम्बन्धित
## सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | अन्य कार्यालयहरुलाई सिफारिश | | २००।०० |
| २ | अन्य निकायको योजना सम्झैता र भुक्तानी सिफारिश | | २००।०० |
| ३ | नाता प्रमाणित | | ५००।०० |
| ४ | अँग्रेजी कागजात प्रमाणित | | ५००।०० |
| ५ | जग्गा नामसारी सिफारिश | | ५००।०० |
| ६ | सँस्था दर्ता तथा नवीकरण र सिफारिश गैरसरकारी सघ सस्था | | नयाँ दर्ता १०००।०० र नवीकरण ५००।०० |
| ७ | हातहतियार नवीकरण बन्दुक | | ५००।०० वार्षिक |
| ८ | प्रतिलिपि नागरिकता सिफारिश तथा घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | | ५००।०० |
| ९ | आम्दनी प्रमाणित | | न्युनतम् रु २०० मा नघटने गरी कुल आम्दनीको ०.२ प्रतिशत |
| १० | सम्पिति मूल्याङकन | | न्युनतम् रु २०० मा नघटने गरी कुल आम्दनीको ०.३ प्रतिशत |
| ११ | दैवी प्रकोप अपाङगता असहाय विपन्न छात्रवृत्ति सिफारिश । | | निशुल्क |
| १२ | कन्सुलर प्रमाणित | | ५००।०० |
| १३ | नक्सा प्रमाणित | | ३००।०० |

| | | | |
|---|---|---|---|
| १४ | होटेल व्यवसाय दर्ता तथा नवीकरण | | दर्ता २००० र नवीकरण १००० |
| १५ | रुख काट्ने सिफारिश | | ५००।०० |
| १६ | समूह दर्ता नवीकरण जस्तै कृषि समूह आमा समूह क्लव महिला समूह उपभोक्ता समूह | | दर्ता १००० र नवीकरण ५०० |
| १७ | नक्सा नामसारी | | १०००।०० |
| १८ | उद्योग व्यवसाय दर्ता एवम् सिफारिश | | साना उद्योग ५०० मझोला उद्योग १००० र ठूला उद्योग २००० |
| १९ | नाम सङशोधन नाम छूट तथा दुई नाम सिफारिश | | २००।०० |
| २० | फुकुवा सिफारिश | | २००।०० |
| २१ | पेन्सन कार्ड तथा सो सम्वन्धी अन्य सिफारिश | | २००।०० |
| २२ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रति | | २००।०० |
| २३ | मिलापत्र दस्तुर | | २००।०० |
| २४ | पारिवारिक विवरण सिफारिश | | २००।०० |
| २५ | घरजग्गा नामसारी सिफारीस | एकमुष्ठ | ५०००।०० |
| २६ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००।०० |
| | | १ रोपनी भन्दा माथिको | २००।०० |
| २७ | घर कायम सिफारीस | पक्की घर | १०००।०० |
| | | कच्ची घर | ५००।०० |
| २८ | सरजमिन सिफारीस दस्तुर | | ५००।०० |
| | छात्रवृति सिफारीस | | १५०।०० |
| २९ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ३० | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| ३१ | अस्थाइ बसोबास सिफारीस | | १५०।०० |
| ३२ | स्थायी बसोबास सिफारीस | | १५०।०० |
| ३३ | नागरिकता सिफारीस | वंशज | १००।०० |
| ३४ | | अंगिकृत | ५००।०० |
| ३५ | विद्युत जडान सिफारीस | | १००।०० |
| | धारा जडान सिफारीस | | १००।०० |
| ३६ | जीवित रहेको सिफारीस | | १००।०० |

| | | | |
|---|---|---|---|
| ३७ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | ५००।०० |
| ३८ | व्यवसाय बन्द सिफारीस | | १००।०० |
| ३९ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००।०० |
| ४० | व्यापार व्यवसाय नभएको सिफारीस | | १००।०० |
| ४१ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| ४२ | नाबालक परिचयपत्र सिफारीस | | १००।०० |
| ४३ | चौपाया सम्बन्धी सिफारीस | | १००।०० |
| ४४ | व्यवसाय दर्ता सिफारीस | | ५००।०० |
| ४५ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० |
| ४६ | विद्यालय ठाउँसारी सिफारीस | | २००।०० |
| ४७ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।०० |
| ४८ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।०० |
| ४९ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००।०० |
| ५० | जग्गा दर्ता सिफारीस | | १०००।०० |
| ५१ | संरक्षक सिफारीस व्यक्तिगत | | १००।०० |
| ५२ | संरक्षक सिफारीस संस्थागत | | २००।०० |
| ५३ | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | १००।०० |
| ५४ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १००।०० |
| ५५ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | १००।०० |
| ५६ | संस्था दर्ता सिफारीस | | २०००।०० |
| ५७ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १००।०० |
| | जीवित सँगको नाता प्रमाणित | | २००।०० |
| ५८ | मृतकसँगको नाता प्रमाणित | | १००।०० |
| ५९ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० |
| ६० | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | १०००।०० |
| ६१ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | १००००० मा रू. ५०० |
| ६२ | चारकिल्ला प्रमाणित | | २००।०० |
| ६३ | जन्ममिति प्रमाणित | | १५०।०० |
| ६४ | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० |
| | | बाटो नभएको | १००।०० |
| ६५ | विवाह प्रमाणित | | २००।०० |
| ६६ | घर पाताल प्रमाणित | | १००।०० |
| | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।०० |

| | | | |
|---|---|---|---|
| ६७ | हकवाला वा हकदार प्रमाणित | | १००।०० |
| ६८ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००।०० |
| | | कच्ची | ५००।०० |
| ६९ | अविवाहित प्रमाणित | | ५००।०० |
| ७० | अपुताली सिफारिस | | ५००।०० |
| | अन्य सिफारीस वा प्रमाणित | | २००।०० |
| ७१ | घर नक्सापास दस्तुर | पक्की घर | ५०००।०० |
| | | कच्ची घर | २५००।०० |
| ७२ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० |
| ७३ | सरसफाइ शुल्क | मासिक – व्यक्तिगत | १००।०० |
| | | मासिक – व्यवसायिक | ५००।०० |
| | | सरसफाइ कार्डको | १००।०० |
| | नोटः सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | |
| ७४ | घर खाली गराउँदा प्रतिदिन | | ५००।०० |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | |
| **दर्ता शुल्क** | | | |
| ७५ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५०।०० |
| ७६ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५०।०० |
| ७७ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५०।०० |
| ७८ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५०।०० |
| ७९ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५०।०० |
| ८० | नया व्यवसाय दर्ता | १ लाख सम्मको | २००।०० |
| | | १ लाख देखि ५ लाखसम्मो | ३००।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५००।०० |
| | | २० लाखदेखि माथि | १०००।०० |
| ८१ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००।०० |
| ८२ | व्यवसाय नविकरण | १ लाख सम्मको | ५००।०० |
| | | १ लाख देखि ५ लाखसम्मो | १०००।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | २०००।०० |
| | | २० लाखदेखि माथि | ५०००।०० |

**सरसफाई शुल्क वार्षिक रुपमा निम्न अनुसार हुनेछ ।**

| सि न | राजस्वका क्षेत्रहरु | चालु आ व को दर | प्रस्तावित दर |
|---|---|---|---|
| १ | आवासिय घर दुई तला सम्म | | १०० । ०० |
| २ | आवासिय घर दुई तला माथि | | १५० । ०० |
| ३ | होटेल लज सहितको व्यवसायिक | | १००० । ०० |

| | | | |
|---|---|---|---|
| ४ | होटेल सानो चिया नास्ता | | ३००।०० |
| ५ | मासु पसल राङगा र खशि | | ३००।०० |
| ६ | मासु पसल कुखूरा | | ४००।०० |
| ७ | सैलुन | | ४००।०० |
| ८ | तरकारी फलफूल | | १००।०० |
| ९ | माछा पसल | | ०.०० |
| १० | पान पसल | | २००।०० |
| ११ | किराना होलसेल पसल | | ४००।०० |
| १२ | किराना खुद्रा पसल | | २००।०० |
| १३ | फेन्सी मोवाइल साईबर कपडा घडी पसल चुरा धागो | | १००।०० |
| १४ | सुन पसल | | २००।०० |
| १५ | स्कुल क्यापस र सरकारी | | २००।०० |
| १६ | स्कुल क्यापस निजी | | ३००।०० |
| १७ | स्कुल क्यापस निजी होस्टेल सहित | | ५००।०० |
| १८ | कार्यालय सरकारी | | ३००।०० |
| १९ | कार्यालय निजी र सहकारी सघ सस्था | | ४००।०० |
| २० | उद्योग ठुला व्यवसायिक | | १०००।०० |
| २१ | उद्योग घरेलु साना छाला जुत्ता | | २००।०० |
| २२ | धान चिउरा तेल मिल आदि | | ५००।०० |
| २३ | फर्निचर उद्योग | | ४००।०० |
| २४ | बस माइक्रो काउन्टर | | २००।०० |
| २५ | हस्पीटल पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | | १५००।०० |
| २६ | मेडिकल हल एग्रोभेट | | ५००।०० |
| २७ | कुखूरा फर्म ठुलो | | ६००।०० |
| २८ | कुखूरा फर्म सानो | | ३००।०० |
| २९ | हार्डवयर भाडापसल | | ३००।०० |
| ३० | स्टेशनरी पसल | | १००।०० |
| ३१ | कापी उद्योग छापाखाना | | ५००।०० |
| ३२ | मोटर वर्कसप | | १०००।०० |
| ३३ | साईकल मोटरसाइकल वर्कसप | | ५००।०० |
| ३४ | मोटरसाइकल साईकल शोरुम | | ३००।०० |
| ३५ | मेटल वर्कशप मोटर पार्टस वर्कसप | | ४००।०० |
| ३६ | टायर रिसोलिङ | | १०००।०० |
| ३७ | बैक | | ५००।०० |
| ३८ | सहकारी सस्था | | ३००।०० |

| | | | |
|---|---|---|---|
| ३९ | टेलरिङ पसल | | ४००।०० |
| ४० | इट्टा विक्रि केन्द्र भट्टा | | २००।०० |
| ४१ | पेट्रोल पम्प | | ३००।०० |
| ४२ | मदिरा पसल | | ३००।०० |
| ४३ | टिभि इलक्टिकल तथा मर्मत पसल | | ४००।०० |
| ४४ | हस्तकला आर्टस प्लेक्स | | २००।०० |
| ४५ | सिनेमा हल पार्टि प्यालेस क्याटरिङ | | १०००।०० |
| ४६ | दुध डिपो | | ३००।०० |
| ४७ | ब्युटी पार्लर | | ३००।०० |
| ४८ | सिलाई मेशिन पसल तथा मर्मत | | ३००।०० |
| ४९ | कुखूरा बाहेक कृर्षि फर्म | | ३००।०० |
| ५० | अन्य | | ३००।०० |

## अनुसूची १३
## दफा १४ सँग सम्बन्धित
## पर्यटन शुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर |
|---|---|---|---|
| १ | पर्यटन शुल्क | छलफल बाट पछि निर्धारण गर्ने | |

आज्ञाले,

प्रदिप गिरी

प्रमुख प्रशासकीय अधिकृत